# जानकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## दुर्गौली, कैलाली
## ७ नं. प्रदेश, नेपाल

जानकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दुर्गौली, कैलाली ७ नं. प्रदेश, नेपाल

प स:२०७५/०७६ मिति:२०७५/१०/१५

च नः 668

### बिषयःजग्गा प्राप्ती समबन्धी सूचना

यस गाउँपालिकाको कार्यालय भवन,बिभिन्न वडाहरुका वडा कार्यालय भवन,अन्य बिभिन्न भौतिक संरचना निर्माण गर्ने प्रयोजनका लागि यस गाउँपालिकालाई जग्गा दान गर्न इच्छुक जग्गा दाताहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र देहायका शर्तहरुको अधिनमा रही निवेदन दिनु हुन अनुरोध गरिन्छ ।

१ गाउँपालिकाको कार्यालय भवन निर्माण गर्न दान गरिने जग्गा यथाशक्य वडा नं १ को जग्गा हुनु पर्नेछ । सो नभए यस गाउँपालिकाको केन्द्र दुर्गौलीबाट करिब १ कि मि को दुरीमा हुनु पर्नेछ । त्यस्तै वडा कार्यालयहरुको हकमा हालका वडा केन्द्रहरुबाट करिब ५०० मिटरको दुरीमा हुनुपर्नेछ ।

२ दान गर्न चाहेको जग्गा सार्वजनिक बाटोसंग जोडिएको हुनुपर्नेछ ।

३ दान गर्न चाहेको जग्गाको क्षेत्रफल वडा कार्यालयको हकमा कम्तिमा ५ कट्ठा र गाउँकार्यपालिकाको हकमा कम्तिमा २ बिघा हुनुपर्नेछ । यो क्षेत्रफल एउटै कित्ता वा जोडिएका दुई वा सो भन्दा बढि कित्ताहरुको कूल योगफलबाट पुगेको हुनुपर्नेछ ।

४ जग्गा दाता एक वा एक भन्दा बढि ब्यक्ति,संघ,संस्था,निकाय हुन सक्नेछन् ।

५ दान गर्न चाहेको जग्गा धितोमा राखिएको,रोक्का वा दृष्टिबन्धक गरिएको,मुद्दा मामिला भएको ,स्वामित्वको बिबाद भएको हुनुहुदैन ।

६ जग्गा दाताले आफनो नागरिकता प्रमाणपत्र,जग्गा धनी प्रमाण पूर्जा,जग्गाको ब्लु प्रिन्ट /ट्रेस नक्साको फोटोकपी,अंशियार प्रमाणित ,अंशियारको मन्जुरीनामा,नाता प्रमाणित निवेदनसाथ संलग्न गर्नुपर्नेछ ।

७ जग्गा दाताले कार्यालयबाट निर्धारण गरिएको निवेदनको ढाँचा र फाराम भरी तोकिएको समयभित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ ।

2075/10/15

मातृका प्रसाद भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

मातृका प्रसाद भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

मिति २०७५।१०।१६

श्री जानकी गाउँपालिका,

दुर्गौली कैलाली

विषयःजग्गा दान सम्बन्धमा

उपरोक्त बिषयमा यस गाउँपालिकाको मिति २०७५।१०।१५ मा प्रकाशित सूचना अनुसार यस गाउँपालिकाको वा वडा कार्यालयको भवन निर्माण प्रयोजनको लागि म ।हामी मेरो।हाम्रो एकल।संयुकत स्वामित्वमा रहेको यसै गाउँपालिकाको वडा नं मा रहेको कित्ता नं को बिघा कट्ठा जग्गा मध्ये बिघा कट्ठा जग्गा दान गर्न इच्छुक भएकोले मेरो ।हाम्रो राजी खुशीले यो निवेदन दिएको छु।छौं ।

संलग्न कागजातहरु

१ नेपाली नागरिकताको प्रमाण पत्र

२ जग्गा धनी प्रमाण पुर्जा

३ जग्गाको ब्लु प्रिन्ट नक्सा

४ जग्गाको ट्रेस नक्सा

५ आ व २०७५।०७६ सम्म मालपोत तिरेको निस्सा,रसिद

६ आफ्नो नाता पर्ने ब्यक्तिको नाममा रहेको जग्गा भए निजसंगको नाता प्रमाणित,अंशियार प्रमाणित,सम्बन्धित जग्गा धनी र निजका अंशियारको मन्जुरीनामा

७ आवश्यक अन्य कागजात

निवेदक

दस्तखत

नामः

ठेगानाः

मितिः